पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-

## विज्ञप्ति

मिति २०७८।१०।०९ गते आईतबार दिउँसो चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रस्थित पूर्व-पश्चिम राजमार्गको वरण्डाभार वन खण्डमा सडक विस्तारको क्रममा खनिएको खाडलमा परि गैंडाको मृत्यू भएको घटनाको समाचार तथा पत्र पत्रिकामा प्रकाशन भएको विषयमा वन तथा वातावरण मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ। तत् सम्वन्धमा तपसिल बमोजिमको कार्य विवरणको परिधि भित्र रही १० (दस) दिन भित्र घटनाको छानबीन गरी यथार्थ विवरण सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिति २०७८।१०।११ मा देहाय बमोजिमको कार्यदल गठन गरिएको व्यहोरा अनुरोध छ।

<u>कार्यदलको कार्य विवरण</u> -

१. स्थलगत छानबीन गरी घटनाको यथार्थ विवरण पेश गर्ने ।

२. सडक निर्माण कार्य गर्दा भएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको अवस्था र सडक निर्माणको क्रममा को कसको के कस्तो जिम्मेवारी रहेको, गैंडाको मृत्यू हुने गरी भएको लापर्वाहीमा को जिम्मेवार रहेको, कार्यवाही गर्नुपर्ने भए सो को यकिन राय सहित सुझाव पेश गर्ने ।

<u>कार्यदल</u> -

१. डा. राजेन्द्र के.सी., उप-महानिर्देशक, वन तथा भू-संरक्षण विभाग - संयोजक

२. श्री रामजी दनाई, उपसचिव (कानून), वन तथा वातावरण मन्त्रालय - सदस्य

३. श्री दिल बहादुर पुर्जा पुन, योजना अधिकृत, राष्ट्रिय निकुञ्ज तथा व.सं. विभाग - सदस्य

४. श्री हरिभद्र आचार्य, प्रमुख संरक्षण अधिकृत, चितवन राष्ट्रिय निकुञ्ज - सदस्य

५. श्री पदमराज नेपाल, डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, चितवन - सदस्य

प्रवक्ता

मिति: २०७८।१०।११

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८